प्रतिदिन १८औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०२५ ॥ २०८२ फागुन १२ गते मंगलबार (24th Feb 2026 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# धादिङ बस दुर्घटनामा १९ जनाको मृत्यु

झापा, फागुन ११ । पोखराबाट काठमाडौं जाँदै गरेको बस त्रिशूली नदीमा खस्दा १९ जनाको मृत्यु भएको छ। धादिङको बेनीघाट रोराङ गाउँपालिकाको चरौदी नजिकै रहेको चाइनाधाराबाट सोमवार बिहान करिब सवा १ बजेतिर ग२ख १४२१ नम्बरको बस त्रिशूलीमा खसेको हो ।

जिल्ला ट्राफिक कार्यालय धादिङका प्रमुख शिशिर थापाका अनुसार घटनामा १९ जनाको मृत्यु भएको छ । अन्य २६ घाइतेलाई उपचारको लागि अस्पताल पठाइएको राजमार्ग उद्दार व्यवस्थापन समितिको अध्यक्ष राजकुमार ठकुरीले जानकारी दिए । धादिङको बेनीघाट रोराङ गाउँपालिका-५ चरौंदीस्थित भैंसेगौंडामा भएको बस दुर्घटनामा परेका १९ जनाकै पहिचान खुलेको छ ।सनाखत भएका मृतकहरुमा स्टेवार्ट डोमिनिक इथान, २४ वर्षीय बेलायती नागरिक,कास्की पोखरा महानगरपालिका-३० बस्ने वर्ष अन्दाजी ४० वर्षीय विवेक बस्तोला, स्याङ्जा, वालिङ १४ घर भई हाल काठमाडौं नागार्जुन नगरपालिका-६ बस्ने ६३ वर्षीय चन्द्रबहादुर कुँवर, तनहुँ, व्यास गाउँपालिका-४ बस्ने अन्दाजी ४० वर्षीय ओमकुमार मल्ल, धादिङ, साबिक सल्यानकोट-८ हाल त्रिपुरासुन्दरी गाउँपालिका-४ बस्ने अन्दाजी ३० वर्षीय इन्जिनियर ठकुरी, तनहुँ, शुक्ला गण्डकी गाउँपालिका-७, मालेबगर बस्ने अन्दाजी ५५ वर्षीया विष्णुमाया ढकाल, काठमाडौं काठमाडौं महानगरपालिका-६, बौद्ध टुसाल बस्ने अन्दाजी ४२ वर्षीय लोप्साङ गोले, तनहुँ, भिमान नगरपालिका-६ बस्ने अन्दाजी ४६ वर्षीय हरिप्रसाद सिग्देल, पाल्पा, तानसेन नगरपालिका-२ बस्ने अन्दाजी ५५ वर्षीय नवीन्द्र श्रेष्ठ, तनहुँ, शुक्लागण्डकी गाउँपालिका-७ बस्ने ६३ वर्षीय रुद्रप्रसाद ढकाल,तनहुँ, शुक्लागण्डकी गाउँपालिका-२ बस्ने २० वर्षीया अर्चना पौडेल , कास्की, पोखरा महानगरपालिका-१४, चाउथे बस्ने २१ वर्षीया अञ्जली क्षेत्री,कास्की, माछापुच्छे गाउँपालिका-३ बस्ने २१ वर्षीय रोहित नेपाली, स्याङजा, पुतलिबजार नगरपालिका-६ बस्ने ४५ वर्षीय घनश्याम सुवेदी,, काठमाण्डौं महानगरपालिका-३२ बुद्धनगर बस्ने ३३ वर्षीया अनिशा महर्जन,मोरङ, उर्लाबारी-१ स्थायी ठेगाना भएकी २७ वर्षीया हीरा चौधरी ,कास्की, पोखरा महानगरपालिका-१९ बस्ने २६ वर्षीय सुजित नेपाली , भारत, उत्तर प्रदेश प्रान्त, बसहरी बहराईच घर भएका ३२ वर्षीय मनिष शुक्ला, पुरुष (भारतीय नागरिक) र चाङ चुङचङ, ४० वर्षीया चिनियाँ नागरिक रहेका छन् । दुर्घटनाग्रस्त ग.२ख १४२१ नम्बरको बसभित्र च्यापिएका कृष्णराज मानन्धरलाई पाँच घण्टापछि जीवितै उद्धार गरिएको छ । बस दुर्घटनामा परेका ललितपुरको इमाडोलका मानन्धरलाई उद्धार टोलीले पाँच घण्टापछि जीवितै उद्धार गर्न सफल भएको हो ।



भीरमा बजारिएर दुर्घटनामा परेको बसभित्रै च्यापिएका मानन्धरलाई बसको पार्टपुर्जा काटेर जीवितै बाहिर निकालिएको र उपचारका लागि काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमित खड्काले जानकारी दिए । पर्याप्त उद्धार सामग्रीको अभाव र अप्ठ्यारो स्थान भएकाले समयमा उद्धार गर्न कठिन भएको उनको भनाइ छ । 'मलाई बचाउनुहोस् भन्दै यात्रु चिच्याइरहेका थिए । हामीसँग तुरुन्तै बस उठाउन सक्ने वा काट्न सक्ने कुनै उपकरण थिएन । धेरै समय सान्त्वना दिएर राख्यौं, जनेरेटरसहितको मेसिन लगेर बसको साइलेन्सर र पछाडिको टायरपट्टिको भाग काटेर मानन्धरलाई बाहिर निकाल्यौं,' प्रहरी उपरीक्षक खड्काले भने, 'उपचारका लागि काठमाडौं रिफर गरिएको छ, उहाँको अवस्था सामान्य नै देखिएको छ ।' घाइते २६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

## ट्रकले किचेर बिर्तामोडका व्यवसायी चौधरीको मृत्यु

झापा, फागुन ११ । इलाममा ट्रकले किचेर बिर्तामोडका एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् ।

सोमवार बिहान ११:३५ बजे इलाम सूर्योदय नगरपालिका ०७ पाल्टाङेस्थित मेची राजमार्गमा बिर्तामोडबाट इलामतर्फ जाँदै गरेको प्र१-०१-०१८ प १५२० नं. को मोटरसाइकल चालक बिर्तामोड ५ बस्ने बर्ष ३१ का टिंकु साहले ब्रेक लगाउने क्रममा सोही मोटरसाइकलमा पछाडि सवार बिर्तामोडकै बर्ष ५० का मनोज चौधरी भगत अचानक मोटरसाइकलबाट लडेका थिए । सोही बेला विपरीत दिशाबाट आउँदै गरेको मे १ ख १९९८ नं. को ट्रकको पछाडीको चक्काले टाउकोमा किच्दा चौधरीको घटनास्थलमा मृत्यु भएको हो । मृतक चौधरी बिर्तामोडका कस्मेटिक व्यवसायी हुन् ।

अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय पशुपतिनगर इलामबाट टोली खटिएको छ। मोटरसाइकल चालकलाई फिक्कल अस्पताल फिक्कलतर्फ पठाइएको छ । उनको अवस्था बोल्न सक्ने रहेको छ । ट्रक चालक पाँचथर हिलिहाङ ७ बस्ने बर्ष ३० का हरिनारायण सुवेदीलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।।

## झापामा पनि एमालेको झण्डा



झापा, फागुन ११ । दाङपछि झापामा पनि नेकपा एमालेको झण्डा जलाइएको छ ।

आइतवार राति ११ बजेतिर झापा गाउँपालिका वडा न.६ शरणामतिस्थित बाटोमा अपरिचित व्यक्तिहरुले नेकपा एमाले पार्टीको सानो खालको झण्डा जलाएका हुन् । उनीहरुले एमालेको १३-१४वटा झण्डा जलाएको प्रहरीले जनाएको छ ।

प्रहरी चौकी शरणामतिमा खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय कुमरखोदबाट प्रहरी नायव उपरीक्षक अनिल ठकुरीको कमाण्डमा ८जनाको टोली खटिएको थियो ।

त्यस्तै प्रहरी चौकी शरणामतिबाट प्रहरी सहायक निरीक्षक डिल्लीबहादुर भुजेलको कमाण्डमा टोली खटी गई थप बुझ्ने कार्य भइरहेको जनाइएको छ । घटना सम्बन्धमा अनुसन्धान भइरहेको र संलग्न चाँडै पक्राउ पर्ने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।

## कांग्रेस र एमाले समर्थकबीच सुरुङ्गामा तनाव

झापा, फागुन ११ । झापा गाउँपालिका वडा नं ६ शरणामतीमा एमालेको झण्डा जलाएको विषयमा कांग्रेस र एमाले समर्थकबीच सुरुङ्गामा विवाद भएपछि तनाव भएको छ । आइतवार राति ११ बजेतिर झापा गाउँपालिका वडा न.६ शरणामतीस्थित बाटोमा अपरिचित व्यक्तिहरुले नेकपा एमाले पार्टीको सानो खालको १३-१४वटा झण्डा जलाएका थिए । सोही घटनालाई लिएर राति कुमरखोद तर्फबाट उत्तर आउँदै गरेका कांग्रेस निकट युवाहरुलाई एमाले निकट युवाहरुले धम्क्याएका थिए । राति धम्की दिने एमालेका युवाहरु सुरुङ्गाको युनिक क्याफेमा बसेको थाहा पाएर सोमवार दिउँसो १.२० बजेतिर कांग्रेसका युवाहरु झगडा गर्न गएका हुन् । त्यसक्रममा हात हालाहालको अबस्था भएको थियो । झापा ४ का कांग्रेस उम्मेदवार देउकुमार थेबेको भोट माग्दै हिडेका ठूलो संख्यामा युवाहरुले क्याफेभित्र पसेर एमालेका युवाहरुलाई कुटपिट गरेको बताइएको छ । उनीहरुबीचको विवाद मिलाउन ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । दिउँसो विवाद साम्य बनाएपनि सोमवार साँझ फेरि दुई पक्षकै युवाहरु माईधारमा भेला भएका थिए । त्यहाँ फेरि झडप भएको छ । झडपमा संलग्न एकजनालाई प्रहरीले पक्राउ गरेको छ । दाङपछि झापामा पनि एमालेको झण्डा जलाइएको हो ।

## मदन भण्डारी लोकमार्गमा बस दुर्घटना, १५ घाइते

उदयपुर, फागुन ११ । मदन भण्डारी लोकमार्ग अन्तर्गत उदयपुरको उदयपुरगढी गाउँपालिका-७, अँधेरी जोगी टोलमा सोमबार बस दुर्घटना हुँदा १५ जना घाइते भएका छन् ।

कटारीबाट गाईघाटतर्फ आउँदै गरेको बा. २ ख. ६२५७ नम्बरको ओखलढुङ्गे बस अचानक ब्रेक फेल भई सडकबाट करिब ४० फिट तल खसेको हो ।

दुर्घटनामा घाइते भएकाहरूको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ । घाइतेमध्ये उदयपुरगढी-७ की ७३ वर्षीया सोममाया मगर र कटारी नगरपालिका-२ की ६० वर्षीया सोममाया परियारको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

घटनालगत्तै सशस्त्र प्रहरी बल नेपाल नं. ५ गण त्रियुगाबाट सशस्त्र प्रहरी नायब उपरीक्षक भुवन भण्डारीको कमान्डमा १३ जना र अस्थायी प्रहरी पोस्ट सङ्गमचोकबाट प्रहरी सहायक निरीक्षक तिलक पौडेलको नेतृत्वमा ६ जनाको संयुक्त टोली उद्धारमा खटिएको थियो ।

दुर्घटनाग्रस्त बस घटनास्थलमै छ भने चालक कटारी नगरपालिका-४ बस्ने ४५ वर्षीय विक्रम राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**घाइतेहरूको नामावली:**

१. मणिका मगर (२२), त्रियुगा नपा-११ (सामान्य)

२. अनिता चौधरी (३५), कटारी नपा-४ (शरीरका विभिन्न भागमा चोट)

३. सोममाया मगर (७३), उदयपुरगढी गापा-७ (गम्भीर)

४. प्रकाश भुजेल (४०), ताप्ली गापा-५ (शरीरका विभिन्न भागमा चोट)

५. रेशिका बस्नेत (२१), त्रियुगा नपा-७ (सामान्य)

६. तिलक बस्नेत (१७), रौतामाई गापा-७ (सामान्य)

७. दिपेश तामाङ (१०), उदयपुरगढी (सामान्य)

८. पवित्रा श्रेष्ठ (१९), कटारी नपा-४ (सामान्य)

९. रेश्मा बस्नेत (२०), त्रियुगा नपा-५ (सामान्य)

१०. सोममाया परियार (६०), कटारी नपा-२ (गम्भीर)

११. नितेश बुढाथोकी (२७), कटारी नपा-३, सहचालक (सामान्य)

१२. दल बहादुर तामाङ (७८), कटारी नपा-५ (शरीरमा चोट)

१३. प्रेम तामाङ (१५), कटारी नपा-४ (सामान्य)

१४. सुवास नेपाली (२८), ताप्ली गापा-५ (सामान्य)

१५. सुजन तामाङ (१५), कटारी नपा-४ (सामान्य)

# बालेनको ८५ बुँदे चुनावी वाचापत्र

झापा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् ।

झापा-५ बाट प्रतिनिधिसभा सदस्य उमेदवार बनेका बालेनले घोषणापत्रलाई 'झापा-५ वाचापत्र' नाम दिएका छन् ।

उनले आफूले संघीय सांसदका हैसियतले गर्ने कामबारे वाचापत्रमा उल्लेख गरेका छन् । 'मेरो प्रतिबद्धता' भन्दै आफूले गर्ने कामबारे जानकारी गराएका बालेनले शिक्षा, पूर्वाधार, कृषि तथा रोजगारी, महिला तथा बालबालिका र पर्यटन तथा उद्योगमा गर्न चाहेको कामबारे बताएका छन् ।

खेलकुद, स्वास्थ्य, भूमि व्यवस्थापन, वातावरण, सुशासन र कला एवं संस्कृतिमा आफूले गर्ने काम बुँदागत रूपमा उल्लेख गरेका छन् ।

"स्थानीय तथा प्रदेश सरकारलाई संवैधानिक अधिकारको प्रत्यायोजन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछु," उनले वाचापत्रमा लेखेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार गठन भएमा स्थानीय, प्रदेश र संघीय सरकारको समन्वय तथा सहकार्यमा आफूले वाचापत्रमा उल्लेख गरेका काम पाँच वर्षभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् ।




उनले आफूले राजनीतिलाई पेसा नभएर सेवाका रूपमा लिने प्रस्ट पारेका छन् । बेथिति र भ्रष्टाचारविरुद्ध संसद्को अग्रपंक्तिमा उभिने बताएका छन् । "राष्ट्रहितविपरीत कुनै पनि सम्झौता गर्ने छैन," उनको वाचापत्रमा उल्लेख छ, "सार्वजनिक सेवालाई चुस्त दुरुस्त बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नेछु ।"

गरिब तथा विपन्न परिवारका बालबालिकाले पनि गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकार व्यवहारमै सुनिश्चित गरिने उनले बताएका छन् ।

'जनअपेक्षा अनुसार काम गर्न आएको हुँ, काम गर्न दिनुहोला' भन्दै उनले वाचापत्र टुंग्याएका छन् ।

(वाचापत्र पृष्ठ ३ मा)

## निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग नगर्नू : आयोग

काठमाडौं । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचनको प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न आह्वान गरेको छ।

आयोगले सोमवार विज्ञप्ति जारी गरी दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्य, सांस्कृतिक कार्यक्रम, र्याली, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अङ्कित भेष्ट र टिसर्ट र लोगोजस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिकाको प्रयोग नगर्न आग्रह गरेएको हो।

दल वा उम्मेदवारले आफ्नो चुनावी अभियानका क्रममा बालबालिका सहभागी गराउने गरेको र विद्यालय समयमा विद्यालय नजिकै चुनावी गतिविधिसम्बन्धी कार्यक्रम आयोजना गरी शैक्षिक कार्यमा अवरोध सिर्जना भएका विषयहरूमा उजुरी तथा गुनासो प्राप्त भएको भन्दै त्यस्ता काम नगर्न आयोगले आह्वान गरेको हो।

## निर्वाचनको मुखमा एमालेको युथ भोलेन्टियर्स गठन

दमक । फागुन २१ को निर्वाचनको मुखैमा नेकपा एमालेनिकट नेशनल युथ भोलेन्टियर्सको कोशी प्रदेश कमिटी घोषणा गरिएको छ ।

झापा ५ का उम्मेदवार पार्टी अध्यक्ष केपी ओलीको उपस्थितिमा सो कमिटी घोषणा गरिएको हो ।सुरज साँवाको नेतृत्वमा ४१ सदस्यी कमिटी घोषणा गरिएको जनाइएको छ ।



झापा निर्वाचन क्षेत्र नम्बर ५ मा पर्ने दमकमा सोमवार नेशनल युथ भोलेन्टियर्सको कोशी प्रदेश कमिटीको घोषणा सभामा ओलीले आगामी चुनावपछि एमालेले नै देशलाई सम्हाल्ने दावी गरे । देशमा भएको तोडफोड, आगजनी र विध्वङ्सबाट देश र लोकतन्त्रलाई क्षति भए पनि देश सम्हाल्ने पार्टी नेकपा एमाले जनताकै विचमा रहेको बताए ।

देशमा अराजकता सिर्जना गरेर, नागरिकलाई भ्रमित पारेर र सामाजिक सहिष्णुता विथोलेर निर्वाचन जित्न नसकिने ओलीले बताए।

उनले जनताका विचमा गएर काम गर्ने, देशलाई समृद्धिको युगमा प्रवेश गराउने, शिक्षा-स्वास्थ्य-रोजगारी जस्ता क्षेत्रमा नागरिकको पहुँच अभिवृद्धि गर्ने पार्टी कुन हो नेपाली जनताले चिनिसकेको दावी गरे ।

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं. ५ बाट उम्मेद्वार रहेका ओलीको गृहनगरबाट नै युथ भोलेन्टियर्सले प्रदेश कमिटी घोषणा गरिएको हो ।

# एक महिनामै पाँच अर्ब बढीको धानचामल आयात

काठमाडौं । नेपालमा एक महिनामै पाँच अर्ब बढीको धान, चामल आयात भएको छ। भन्सार विभागले सार्वजनिक गरेको वैदेशिक व्यापारको तथ्यांक हेर्दा एक महिनामै पाँच अर्ब बढीको धानचामल आयात भएको देखिन्छ।

चालु आर्थिक वर्ष २०८२/८३ को ७ महिना (साउनदेखि माघसम्म) को व्यापार तथ्यांकअनुसार, माघसम्म २५ अर्ब ४८ करोड ५८ लाख ४१ हजारको धान चामल (धानको बिउसमेत) भित्रिएको छ।

गत पुससम्म धानचामल, धानको बिउसमेत गरी २० अर्ब ३८ करोड ६५ लाख ५१ हजार बराबरको करोड रुपैयाँको आयात गरिएको थियो। एक महिनामै आयात ५ अर्ब ९ करोड ९२ लाखले बढेको तथ्यांकले देखाउँछ।

गत वर्षको तुलनामा यो वर्ष धानको आयात घट्दा चामलको बढेको छ। चामल गत वर्षभन्दा १ अर्ब ८६ करोड १२ लाख ७४ हजार बढीको चामल भित्रिएको हो।

गत साउनदेखि माघ महिनासम्म धान (बिउ समेत) मात्रै १२ अर्ब ८४ करोड ७९ लाख २६ हजार रुपैंयाको ३ लाख ४८ हजार ४१० मेट्रिक टन किनेर ल्याइएको छ।

आयात भएको १२ अर्ब ६३ करोड



७९ लाख १५ हजार रुपैयाँ बराबरको चामलमध्ये ५ अर्ब १२ करोड ९७ लाख ५९ हजार रुपैयाँ बराबरको ४६ हजार मेट्रिक टन बासमती चामल छ।

यस्तैगरी, अन्य प्रकारका चामल ७ अर्ब २४ करोड ८१ लाख २० हजार रुपैयाँको १ लाख १३ हजार ७९३ मेट्रिक टन अन्य चामल र २५ करोड ९४ लाखको कनिका आयात भएको छ।

गत आर्थिक वर्ष २०८१/८२ को यही अवधि (साउन-माघसम्म) मा १४ अर्ब ५९ करोड ८५ लाख ९२ हजार रुपैंया बराबरको ३ लाख ८१ हजार मेट्रिक टन धान आयात भएको थियो।

यस्तैगरी १० अर्ब ७७ करोड ६६ लाख ४१ हजार रुपैंया बराबरको १ लाख ३३ हजार २९१ मेट्रिक टन चामल खरिद गरी ल्याइएको थियो।

पुरै वर्षभरीको तथ्यांक हेर्दा २०८१/८२ भरी ४० अर्ब १८ करोड रुपैयाँ भन्दा धेरैको धान चामल आयात भएको थियो। एक अर्ब १६ करोड ६६ लाख रुपैंयाको बिउसहित २१ अर्ब ५२ करोड रुपैंया बढीको धान आयात भएको थियो। यस्तैगरी १८ अर्ब ६६ करोड ५९ लाख रुपैयाँभन्दा धेरैको चामल भित्रिएको थियो।

कुनै समय धान र चामल निर्यात गर्ने कृषिप्रधान देश नेपाल अहिले मुख्य खाद्यान्नमा परनिर्भर हुँदा अरबौं रुपैयाँ विदेशिने गरेको छ।

सरकारले धान चामलमा आत्मनिर्भर बन्ने लक्ष्य राखे पनि त्यसअनुसार उत्पादन र उत्पादकत्व बढाउन नसक्दा आयात न्यूनीकरण गर्न नसकिएको सरोकारवाला बताउँछन्।

सरकारले दुई वर्षमा मुलुकलाई धानमा आत्मनिर्भर बनाउने भनेको छ। तर बढ्दो आयात सरकारी लक्ष्यमा चुनौती देखिएको छ। त्यसमाथि गत वर्षको तुलनामा यो वर्ष साढे दुई लाख मेट्रिक टन धान कम उत्पादन भएको छ।

मुलुकका लागि करिब ७९ लाख मेट्रिक टन धान आवश्यक पर्ने सरकारी अनुमान छ। धानखेती हुने क्षेत्रफल घट्नुका साथै उत्पादकत्वमा आएको कमीले यो वर्ष ५७ लाख ५ हजार १२६ मेट्रिक टन धान उत्पादन भएको छ।

यो गत वर्षको तुलनामा ४.२० प्रतिशतले कम हो। गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान फलेको थियो

# 'ट्रेड युनियन खारेज गर्ने' रास्वपाको वाचाप्रति आपत्ति

काठमाडौं । नेकपा एमाले निकट नेपाल राष्ट्रिय शिक्षक संगठनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सार्वजनिक गरेको चुनावी 'वाचापत्र (घोषणापत्र) मा ट्रेड युनियन खारेज विषय समावेश गरिएकोप्रति आपत्ति जनाएको छ। सोमबार संगठनले विज्ञप्ति जारी गर्दै यस्तो व्यवस्था अस्वीकार गर्ने जनाएको हो।

विज्ञप्तिमा भनिएको छ,'२०८२ फागुन २१ गते सम्पन्न हुने निर्वाचनका सन्दर्भमा २०८२ फागुन ७ गते रास्वपाले सार्वजनिक गरेको चुनावी वाचामा ट्रेड युनियन खारेजी गर्ने गरी समावेश गरिएकोप्रति नेपाल राष्ट्रिय शिक्षक संगठन, राष्ट्रिय समितिको गम्भीर ध्यान आकर्षित भएको छ।'

संगठनले नेपालको संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा आबद्ध हुने तथा सामूहिक सौदाबाजी गर्ने मौलिक अधिकार प्रदान गरेको जनाएको छ।

'ट्रेड युनियनहरू स्वतन्त्र, पेशागत र गैर-दलीय प्रकृतिका संस्थाहरू हुन्, तिनीहरूको उद्देश्य श्रमिक तथा पेशाकर्मीहरूको हक-हित संरक्षण गर्नु हो, श्रमिकहरूलाई संगठन स्थापना गर्ने र सामूहिक सौदाबाजी गर्ने अधिकारको संरक्षण गर्न राज्यलाई बाध्यकारी बनाएको छ, ट्रेड युनियन खारेजी वा त्यसको स्वतन्त्रतामाथि अंकुश लगाउने परिकल्पना गर्ने कुनै पनि राजनीतिक दल लोकतान्त्रिक हुनै सक्दैन,'विज्ञप्तिमा उल्लेख छ। संगठनले यो नेपालको संविधान, कानून तथा नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय महासन्धि विपरितको कार्य समेत रहेको जनाएको छ।

'यो परिकल्पना गर्ने दलको राजनैतिक चरित्र लोकतान्त्रीक हो भनि मान्न सकिदैन,नेपाल राष्ट्रिय शिक्षक सङ्गठन स्पष्ट रूपमा उल्लेख गर्न चाहन्छ कि ट्रेड युनियनहरू लोकतन्त्रका आधारस्तम्भ हुन्, पेशाकर्मीहरूको सङ्गठनात्मक अधिकार कुनै पनि अवस्थामा संकुचित गर्न मिल्दैन, र संविधान र अन्तर्राष्ट्रिय सन्धिको मर्मविपरीतका अभिव्यक्तिहरू अस्वीकार्य छन्',विज्ञप्तिमा उल्लेख छ।

# स्वास्थ्यकर्मीलाई निर्वाचनमा नखटाऊ

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा कुनै पनि तहका स्वास्थ्यकर्मीलाई नखटाउन निर्वाचन आयोगलाई पत्राचार गरेको छ।

मन्त्रालयले नियमित र विशेष परिस्थितिमा देखा पर्न सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्यकर्मी स्वास्थ्य सेवामै व्यस्त हुनुपर्ने भएकाले यो पटकको निर्वाचनमा कुनै पनि तहका स्वास्थ्यकर्मीलाई नखटाउन मन्त्रालयले आयोगसमक्ष आग्रह गरेको हो।



मन्त्रालयको स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ (एचईओसी) प्रमुख समेत रहेका मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले यसबारे जानकारी दिए।

'हाम्रा धेरै स्वास्थ्यकर्मी स्थानीय तहमा हुनुहुन्छ। यसअघिका निर्वाचनमा त्यहाँ रहेका ती स्वास्थ्यकर्मीलाई आयोगले खटाउने गरेको थियो, तर स्वास्थ्यकर्मी नियमितदेखि आकस्मिक सेवामा तयार रहनु पर्ने भएकाले यसपटक प्रत्यक्षरुपमा निर्वाचनमा नखटाउन आयोग समक्ष आग्रह गरिएको हो', बुढाथोकीले भने।

डा। बुढाथोकीले यदि निर्वाचनमा स्वास्थ्यकर्मी खटाउनै पर्ने परिस्थिति आए स्वास्थ्यमा असर नपर्ने गरी विकल्प तयार गरेर राख्न समेत आयोग समक्ष आग्रह गरेको बताए। निर्वाचनको समयमा हुनसक्ने झडप,दुर्घटना र अन्य आकस्मिक घटनाहरुको जोखिम हुन्छ यस्तो अवस्थामा स्वास्थ्यकर्मी स्वास्थ्य सेवामानै 'अलर्ट' हुनुपर्छ', उनले भने, 'यस्तो अवस्थामा निर्वाचनमा स्वास्थ्यकर्मी खटाउनै पर्ने परिस्थिति आएमा विकल्प तयार गरेर मात्रै खटाउन भनेका छौं।'

मन्त्रालयले निर्वाचन लक्षित अन्य पूर्व तयारी पनि थालेको बताएको छ । मन्त्रालय अन्तर्गतको एचईओसीले इमरजेन्सी टिम, हब तथा सेटलाइट अस्पताल, एम्बुलेन्स नेटवर्क, रेपिड रेस्पोन्स टिमहरु प्रत्येक स्थानीय तहबाट समेत परिचालन हुने गरी सक्रिय बनाइएको समेत बुढाथोकीले जनाए ।

उनले सम्भावित झडपबाट हुन सक्ने चोटपटक र त्यसका लागि उपचारका लागि चाहिने जनशक्ति तथा औषधीको आवश्यक व्यवस्थापन समेत भइरहेको बताए ।

यस्तै आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री देशभर पुऱ्याउन हाल स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ र स्वास्थ्य सेवा विभागअन्तर्गत रहेको व्यवस्थापन महाशाखा मिलेर काम गरिरहेको डा. बुढाथोकीले जानकारी दिए।

यसका साथै चुनावको समयमा हुने स्वास्थ्य सेवाका लागि सञ्चालन हुने एम्बुलेन्स लगायतका सवारीसाधनको दुरुपयोगको लागि निगरानी समेत मन्त्रालयले गर्न शुरु गरिसकेको डा. बुढाथोकीको भनाइ छ।

# उपचार खर्च जुटाउन 'साम्बा'को अपिल

काठमाडौँ, फागुन ११ । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान एवं सर्वाधिक गोलकर्ता सावित्रा भण्डारी 'साम्बा'ले आफ्नो घुँडामा लागेको चोटको उपचार गर्न अखिल नेपाल फुटबल संघ (एन्फा) ले अस्वीकार गरेको बताएकी छन्।

सोमबार सामाजिक सञ्जाल फेसबुकमा भावुक स्टाटस लेख्दै 'साम्बा'ले आफू उपचारका लागि भौतारिएको भन्दै आर्थिक सहयोगका लागि समर्थक र फुटबलप्रेमीमा अपिल गरेकी छन् । उनले आफ्नो फेसबुक स्टाटसमा लेखेकी छन् :

नमस्कार, म सावित्रा भण्डारी, तपाईंहरूको 'साम्बा'

यहाँहरू सबैलाई थाहा नै छ म पछिल्लो ७ हप्तादेखि चोटका कारण मैदान बाहिर छु । सोचेजस्तो हुन्थ्यो भने अहिले म चोटको शल्यक्रिया गरेर फिजियो सुरु गरेको केहि समय बितिसक्ने थियो । तर अझै पनि म उपचारका लागि भौतारिएको छु ।

मेरो घुँडाको एसिएलमा यसअघि शल्यक्रिया गरेर हालिएको ग्राफ्ट र एमसिएल दुवैमा गम्भीर चोट लागेको छ । यसका लागि मैले पुनस् जटिल शल्यक्रिया गर्नुपर्ने अवस्था रहेको छ। पछिल्लोपटक एन्फा नेतृत्वको पहलमा मेरो उपचारमा सम्पूर्ण व्यवस्थापन र सहयोग भएको थियो । त्यसबेला आर्थिक र मानसिक रूपमा मलाई कुनै समस्या थिएन, जसकारण मैले समयमा पुनरागमन गर्दै मैदान फर्कन सकेँ।।

तर यसपटक एन्फा नेतृत्वबाट वाचा गरेको सहयोग पनि पाइएन । चोट लागेको ३ सातापछिका लागि क्लबको पहलमा शल्यक्रिया मिति तोकिएको भए पनि एन्फाले आफ्नो तर्फबाट प्रयास गर्ने बतायो ।

तर सो अनुसार एन्फाबाट प्रक्रिया अघि बढेन । मैले पटक पटक प्रयास गर्दापनि उहाँहरूलाई सम्पर्क गर्न कठिन भयो । अघिल्लो साता एन्फा अध्यक्ष आफैंले मेरो उपचारमा एन्फाबाट प्रशासनिक सहयोग गर्न नसकिने जानकारी दिनुभयो । उहाँले नगद ५ लाखसम्म सहयोग गर्ने र अन्य प्रक्रिया आफैँ गर्न भन्नुभयो । एक त मैले यसअघि चालेको प्रक्रिया रोकियो, अर्कोतर्फ मैले झन्डै २ महिनापछि मात्र शल्यक्रिया मितिका लागि फेरि प्रयास गर्नुपर्ने भएको छ ।

यसबिचमा क्लबले मलाई न्युजिल्यान्डकै स्थानीय अस्पतालमा उपचार गर्न तयार रहेको बताइरहेको छ । तर मेरो चोट गम्भीर रहेको र पछिल्लो पटक कतारको अस्पेटारमा गरिएको उपचार उच्च स्तरको रहेकाले मैले पुनः सोहि अस्पतालमा उपचार गराउने इच्छा राखेको हुँ । क्लबले बिमाबाट प्राप्त रकम मेरो लागि निकासा गरिदिने भएको छ ।

तर उक्त रकम मेरो शल्यक्रिया र ७/८ महिना रिह्याबका लागि अपुग हुने भएकाले आम समर्थकमाझ सहयोग माग्न आइपुगेको छु । यसका लागि कुल ८० हजार अमेरिकी डलर खर्च हुने प्रारम्भिक आँकलन रहेको छ । म बाहिर रहेकाले सरकारसमक्ष पनि मेरो प्रतिनिधित्व गर्दै उपचारका लागि सहयोगको प्रयास भएका छन् । तर सरकारी प्रक्रिया अपेक्षा गरे अनुसार अघि बढ्न नसक्दा मैले शल्यक्रिया नगरी भर गर्ने स्थिति रहेको छैन ।

मैले आफ्नो करियरमा सधैं कठिनाइहरूको सामना गर्नुपरेको छ, र हरेक पटक साहसका साथ त्यसलाई पार गरेको छु । यसपटक पुनस् माथि उठ्न तपाईंको सहयोगको आवश्यकता परेको छ ।

मेरो लागि यो आफ्नो करियरको सबैभन्दा कठिन लडाइँ भएको छ । मैले यो अवस्था आउला भन्ने सोचेको पनि थिइनँ । आफ्नो अभिभावक मानेको एन्फाले पनि पछि हटेपछि मेरो साथ दिन आम समर्थकहरू नै हुनुहुन्छ । एन्फाभित्र म क्लबका लागि खेल्दा चोट लागेको भन्ने तर्क सुन्दा म आफैं निराश भएको छु । तर मैले देशका लागि सँधै शतप्रतिशत दिएको छु र आउने दिनमा पनि देशका लागि खेल्न तत्पर छु ।

इजरायल होस् या फ्रान्स, मैले सधैं नेपालकै नाम राखेको महसुस भएको छ । यहाँ न्युजिल्यान्ड र अस्ट्रेलियामा खेल्दा पनि मैले व्यक्तिगत भन्दा पनि राष्ट्रको पहिचान बोकेको ठानेको छु । आर्थिक रूपमा मैले आजसम्म आर्जन नगरेको रकम यो उपचारका लागि आवश्यक परेको छ । त्यसैले नै म आज यहाँहरूमाझ सहयोगको याचना गरिरहेको छु । आशा छ मेरो उपचारका लागि आवश्यक सहयोग चाँडै जम्मा हुने छ । र म राष्ट्रिय टोलीको कप्तान, जो युरोपमा पुगेर खेलेको छु, मैले यो परिस्थितिको सामना गर्नुपर्छ भने सोच्नुहोस अरूको अवस्था के होला ? मैले यसबारे निरन्तर आवाज पनि उठाउँदै आएको छु, तर नियतिले पुनः एकपटक मलाई नै यो अवस्थामा ल्याएको छ ।

मलाई सहयोग गर्न नेपालमा रहनुहुनेले तल राखिएको क्युआर वा बैंक मार्फत सहयोग गर्नुहोला ।

यो चोटले मलाई शारीरिक र मानसिक रूपमा थकाएको छ, तर मलाई विश्वास छ म फर्कने छु ।थाकेको हो, हारेको छैन ।पुनः एकपटक नेपालको जर्सी लगाएर मैदान फर्कने छु । जय नेपाल !


## बिमालेख हरायो

बिर्तामोड निवासी सुष्मा नेपाल अधिकारीको नाममा रहेको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपालको २०००१२५०७ नम्बरको पोलिसी पेपर बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा २०८२/०९/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : सुष्मा नेपाल अधिकारी**
**ठेगानाः बिर्तामोड, झापा**

## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश,झापा जिल्ला,शिवसताक्षी नगरपालिका वार्ड नं.-०७, मा बस्ने श्री तारानाथ दाहालकी छोरी,श्री सेर बहादुर कटुवालकी पत्नी श्री भगिरथा कटुवालको मिति वि.सं.२०८२/१०/०६गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगञ्जमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा विष्णु बहादुर कटुवालले मिति वि.सं.२०८२/११/०४मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन ।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## जग्गा खरिदको लागि इच्छा पत्र आव्वान

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१६**

सहारा नेपाल (साकोस) लि.मुल कार्यालय बितामोड-२ (झापा)चारपानेको लागि बिभिन्न प्रयोजनको लागि जग्गा खरिद गर्नु पर्ने भएकोले इच्छुक जग्गा धनी ब्यात्कि, फर्म/कम्पनीबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु सहित इच्छा पत्र पेश गर्न सुचित गरिन्छ ।

| क्र.स. | जग्गाको प्रयोजन | जग्गाको विवरण |
|---|---|---|
| १ | मुल कार्यालयको सामुदायिक विकास कार्यक्रम संचालनको लागि | मुल कार्यालयको आसपास १ देखि २ विघा सम्म |

**आवश्यक शर्तहरु :**

१ उक्त जग्गा संस्थाको लागि उपयुक्त रहेको ठहर हुनु पर्ने छ ।
२.जग्गामा जानको लागि पर्याप्त बाटोको ब्यवस्थापन भएको हुनु पर्ने छ ।
३.संस्स्थाले लिन चाहेको जग्गाको मुल्य उचित दर भाउ हुन पर्ने छ ।
४.मोहियानी लगायत कुनै पनि झै-झगडा र झमेला नभएको जग्गा हुनु पर्ने छ ।
५.जग्गालाई खोला, उद्योगको प्रदुषण आदि बाट हानी नहुने खालको जग्गा हुनु पर्ने छ ।
६.जग्गा धनिले बिक्रि गर्न चाहेको जग्गाको कागजातहरु सहितको इच्छा पत्र पेश गर्नु पर्ने छ ।
७. प्राप्त निवेदन मध्ये उपयुक्त जग्गाको जग्गा धनीहरुलाई मुल्य सहित कोटेशन पेश गर्न आव्वान गरिने छ ।
८.संस्थाले आपसी समझदारी(Negotiation) बाट समेत मुल्य घटाउन सकिने छ ।
९ संचालन समितिले स्वीकृत गरे पछि अन्तिम स्वीकृतीको लागि साधारण सभामा पेश गरिने छ ।
१०.थप जानकारीको लागि मुल कार्यालय बिर्तामोड-२ ,चारपोने मा सम्पर्क गर्न सकिने छ ।

**सहारा नेपाल (साकोस)लि.**
**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**
**फो.न. ०२३-५४११९८**

## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## इच्छा-पत्र आव्हान सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१२**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय, बितामोड-२ (झापा) चारपानेको लागि तपशिल बमोजिमको जग्गामा मास्टर प्लान निर्माण गर्न इच्छुक फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न आवश्यक कागजातहरुसहित इच्छा-पत्र पेश गर्न आव्हान गरिन्छ ।

| क्र.सं. | मास्टर प्लान निर्माण गर्ने जग्गाको विवरण : |
|---|---|
| १. | बिर्तामोड न.पा.वडा.नं.-२, को चारपानेस्थित ४ बिघा १४ कठ्ठा ५ धुर जग्गामा |

**अन्य विवरणहरु :**

१) इच्छा-पत्रमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।
२) फर्मको लेटर प्याडमा इच्छा-पत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३) समय नाघी वा रीत पुरा नगरी प्राप्त भएको इच्छा-पत्रलाई मान्यता दिइने छैन ।
४) इच्छा-पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
५) इच्छा-पत्र स्वीकृत भएका फर्म/कम्पनीलाई संस्थाको तर्फबाट उक्त जग्गामा बनाईने वा निर्माण गरिने घेराबारा, भवन निर्माण डिजाईन, बाटो, गार्डेन आदिको बारेमा संस्थाको तर्फबाट कन्सेप्ट दिईनेछ ।
६) स्वीकृत इच्छा-पत्रमध्ये उपयुक्त ठहरिएका फर्म/कम्पनीलाई लागत मूल्यसहितको कोटेशन पेश गर्नको लागि पुनः राष्ट्रिय स्तरको पत्रिकामा सूचना आव्हान गरिनेछ ।

इच्छा-पत्रमा संलग्न हुनु पर्ने आवश्यक कागजपत्रहरु :

क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
ख) भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
ग) ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ). आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
ङ) अनुभवको प्रमाण पत्र ।
च) अडिट रिपोर्ट ।

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय, बिर्तामोड-२, चारपाने**
**फो.न. ०२३-५३३४०८, ५३११९८**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनाव गराऊ

अराजकता र विध्वंस मच्चाएर राष्ट्रिय अस्तित्व नै गम्भीर सङ्कटमा पार्ने षड्यन्त्र राष्ट्रपतिको सुझबुझका कारण विफल भयो । प्रधानमन्त्री सुशीला कार्कीले पनि सङ्कटको समयमा उच्च साहस र सुझबुझ देखाएर राष्ट्रलाई थप सङ्कटमा पर्नबाट जोगाइन् ।

प्रतिनिधि सभाको निर्वाचन गराउन सरकार कृतसङ्कल्प रहेकै कारण अहिले चुनाव हुँदैन कि भन्ने संशय हटेर गएको छ । देश नै चुनावमय भएको छ । दलहरू चुनावमा होमिएका छन् । अर्थात्, राष्ट्रलाई सङ्कटको भासमा धकेल्ने षड्यन्त्र सफल नहुने देखिन थालेको छ ।

ताजा जनादेश लिएर प्रतिनिधि सभा गठन भएपछि नेपालको संविधानले एउटा स्पष्ट बाटो लिनेछ । राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपले निरन्तरता पाउनेछ । त्यस अवस्थामा नेपाललाई फेरि सङ्कटको भासमा धकेल्ने षड्यन्त्र रच्न सजिलो हुनेछैन ।

सम्भवतः यही कारणले अहिले विभिन्न बहाना र नाममा चुनाव हुन नदिने तानाकाना बुन्न थालिएको भान हुन्छ । दाङमा नेकपा ९एमाले०को झन्डा जलाउनेदेखि सुनसरीमा नेपाली कांग्रेसको चुनावी सभा बिथोल्ने प्रयास गर्नेसम्मका हर्कत देखापरेको छ ।

यति नै बेला रौतहटमा साम्प्रदायिक झडप भएर कर्फ्यु लगाउनु परेको छ । यसले पक्कै पनि तोकिएको समयमा चुनाव नहुने पो हो कि भन्ने सन्देह बढ्न सक्छ । प्रतिनिधि सभाको निर्वाचन फागुन २१का दिन हुन सकेन भने मुलुक जटिल र अन्योलपूर्ण स्थितिमा पुग्नेछ ।

यसैले प्रधानमन्त्री कार्की स्वयं नै अग्रसर भएर शान्ति सुरक्षाप्रति सबै दलका नेताका साथै जनसाधारणको पनि विश्वास जगाउन हरसम्भव प्रयास गर्नुपर्ने देखिन्छ । विशेषागरी राजनीतिक दलका नेताहरूसँग प्रधानमन्त्रीकै तहबाट संवाद गरिनुपर्छ ।

यस अवस्थामा राज्यका सबै अङ्गहरू विशेषगरी सुरक्षा निकायहरू चनाखो र संयमित भएर स्थिति सम्हाल्न अग्रसर हुनुपर्छ । कुनै पनि अवस्थामा भदौ २३–२४ दोहोरिन दिनु हुँदैन । भदौकै जस्तो अराजकता र विध्वंस दोहोरियो भने राष्ट्रकै अस्तित्व जोखिममा पर्नसक्छ ।

साथै राजनीतिक दलका जिम्मेवार नेताहरूले सुझबुझ र संयम प्रदर्शन गर्नुपर्ने देखिन्छ । झडपका लागि तम्तयार भएर बस्ने आआफ्ना दलका कार्यकर्तालाई संयमित र अनुशासित बनाउने पहिले कर्तव्य र दायित्व त नेताहरूकै हो । यतिमात्र अहिले नेताहरूले देखाउने संयम र सुझबुझ तिनको चरित्र र प्रवृत्तिको कसी पनि हो ।

चुनावको बेलामा कार्यकर्ता उत्तेजित हुनु अस्वाभाविक नभए पनि अहिले स्थिति एकाएक असामान्य हुन पुगेकाले सबै दलका नेताहरूले सके सामूहिकरूपमा र नभए एक्लाएक्लै भए पनि शान्ति र संयमको आह्वान गर्नु उचित हुनेछ । नेपालका राजनीतिक दलका नेता देशलाई सङ्कट पर्दा एक हुन सक्छन् र लोकतन्त्रप्रति प्रतिबद्ध छन् भन्ने देखाउने बेला आएको छ । देश र जनतालाई निराश नबनाऊ !

Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आत्मविश्वास पुनर्स्थापित गर्ने अवसर



• रीता भण्डारी

नेपालको लोकतान्त्रिक यात्रामा हरेक निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, राष्ट्रको दिशा, प्राथमिकता र भविष्यको मार्गचित्र तय गर्ने ऐतिहासिक क्षण पनि हो । विगतका आमनिर्वाचनमा करिब ६० प्रतिशत हाराहारीमा मतदाताको सहभागिता देखिनु लोकतन्त्रप्रतिको जनआस्था अझै जीवित रहेको सङ्केत हो । समानान्तर रूपमा बढ्दो असन्तोष, वैदेशिक रोजगारीतर्फ युवाको पलायन, सार्वजनिक सेवा प्रवाहप्रतिको गुनासो र भ्रष्टाचारसम्बन्धी उजुरीहरूले राजनीतिक नेतृत्वमाथि गहिरो प्रश्न पनि खडा गरेका छन् । यस परिस्थितिमा अबको निर्वाचन केवल नयाँ अनुहार चयन गर्ने प्रतिस्पर्धा नभई विश्वासको पुनर्निर्माण गर्ने अवसरका रूपमा हेरिनु आवश्यक छ ।

निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी र मुद्दामुखी हुनु पर्छ भन्ने अपेक्षा जनतामा प्रबल छ, किनकि विगतमा व्यक्तिमुखी प्रचार, अल्पकालीन लोकप्रिय नारा र जातीय तथा क्षेत्रीय भावनाको प्रयोगले दीर्घकालीन नीतिगत बहसलाई कमजोर बनाएको अनुभव नागरिकसँग छ । अब जनताले भाषण होइन, परिणाम हेर्न चाहेका छन्, वाचा होइन, कार्यान्वयनको प्रमाण खोजिरहेका छन् । निर्वाचनपछि नागरिकको मुख्य अपेक्षा तीन क्षेत्रमा केन्द्रित देखिन्छ, सार्वजनिक सेवा प्रवाहमा सुधार, रोजगारी तथा आर्थिक अवसरको विस्तार र सुशासनको सुनिश्चितता ।

स्थानीय तहदेखि सङ्घीय संरचनासम्म सेवा प्राप्त गर्न नागरिकले अझै झन्झट, ढिलासुस्ती र अनावश्यक प्रक्रियाको सामना गर्नु परेको गुनासो बारम्बार उठ्ने गरेको छ । नागरिकता, जग्गा दर्ता, कर तिर्ने, सामाजिक सुरक्षा भत्ता पाउने जस्ता आधारभूत सेवा सहज, छिटो र पारदर्शी ढङ्गले उपलब्ध गराउन सकिएन भने लोकतन्त्रको अर्थ नागरिकको दैनिक जीवनमा अनुभूत हुन सक्दैन । आर्थिक पक्षमा देशको ठुलो श्रमशक्ति वैदेशिक रोजगारीमा निर्भर हुनु राज्यको संरचनागत कमजोरीको सूचक हो । उत्पादनमुखी उद्योग, कृषि आधुनिकीकरण, साना तथा मझौला उद्यमको प्रवर्धन र नवप्रवर्तनमा लगानी नगरी केवल आयातमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन सक्दैन । निर्वाचनपछि जनताले रोजगारी सिर्जना गर्ने ठोस कार्यक्रम, लगानीमैत्री वातावरण र स्थानीय स्रोतको सदुपयोग हुने नीति अपेक्षा गर्छन् ।

सुशासनको पक्षमा पारदर्शिता, उत्तरदायित्व र दण्डहीनताको अन्त्य अनिवार्य सर्तका रूपमा उठेका छन् । सार्वजनिक पद धारण गर्ने व्यक्तिले आफ्नो आचरण, सम्पत्ति विवरण र निर्णय प्रक्रियालाई खुला राख्न सके मात्र विश्वास पुनर्स्थापित हुन सक्छ । नेतृत्वले कार्यसूचीमा आधारित काम गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न पनि आजको राजनीतिक बहसको केन्द्रमा छ । कुनै पनि दलले स्पष्ट नीति, समय सीमा र मूल्याङ्कनको संयन्त्रसहित कार्यक्रम अघि सारेमा कार्यान्वयन सम्भव हुन्छ तर व्यवहारमा दलगत गुटबन्दी, नीतिगत निरन्तरताको अभाव र संस्थागत कमजोरीले एजेन्डा कागजमै सीमित हुने जोखिम रहन्छ । नेतृत्वको क्षमतासँगै प्रणाली सुदृढीकरण पनि उत्तिकै महत्वपूर्ण छ । आन्तरिक लोकतन्त्र बलियो नभएसम्म दलभित्र योग्य र सक्षम व्यक्तिको उदय कठिन हुन्छ । संसद्मा नीति बहस गहिरो नभएसम्म र समितिहरू सक्रिय नभएसम्म कानुन निर्माण गुणस्तरीय हुन सक्दैन ।

प्रशासनिक संयन्त्रलाई पेसागत, निष्पक्ष र परिणाममुखी बनाउन सके मात्र राजनीतिक प्रतिबद्धता व्यवहारमा रूपान्तरित हुन्छ । नेतृत्वको इच्छाशक्ति र संस्थागत सुधार दुवैको समन्वय आवश्यक छ । हाल समाजमा नयाँ नेतृत्वप्रतिको आकर्षण बढ्नुका पछाडि पनि गहिरा कारण छन् । देशको जनसङ्ख्यामा युवाको हिस्सा उल्लेखनीय छ तर निर्णय प्रक्रियामा उनीहरूको प्रतिनिधित्व र सहभागिता अपेक्षितस्तरमा पुगेको छैन भन्ने अनुभूति व्यापक छ । रोजगारीको अभाव, उद्यम गर्न कठिन वातावरण, शिक्षा र सिपबिचको असन्तुलन तथा अवसरको असमान वितरणले युवामा निराशा जन्माएको छ । सामाजिक सञ्जाल र सञ्चार माध्यमको विस्तारले विश्वका सफल अभ्यास तत्काल देख्न पाउने अवस्थाले पनि अपेक्षा बढाएको छ । जब नागरिकले अन्य देशमा पारदर्शी शासन, छिटो सेवा र दीर्घकालीन विकास देख्छन्, तब आफ्नै देशमा त्यहीस्तरको व्यवस्थापन किन सम्भव छैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । यसैले नयाँ नेतृत्वको माग केवल उमेरको प्रश्न नभई कार्यशैली, दृष्टिकोण र परिणाममुखी संस्कारको खोजी पनि हो ।

अन्तर्राष्ट्रिय उदाहरणले देखाउँछन् कि सुस्पष्ट दीर्घकालीन योजना, कडाइका साथ कार्यान्वयन र पारदर्शिताले साना देशलाई समेत तीव्र प्रगतितर्फ लैजान सक्छ । उत्तरी युरोपको एउटा सानो देशले सार्वजनिक सेवा विद्युतीय प्रणालीमार्फत उपलब्ध गराएर नागरिकलाई घरमै बसेर कर तिर्ने, व्यवसाय दर्ता गर्ने र विभिन्न प्रमाणपत्र प्राप्त गर्ने सुविधा दिएको छ । यसले समय, खर्च र भ्रष्टाचार दुवै घटाएको छ । दक्षिणपूर्वी एसियाको एक विकसित राष्ट्रले कडा अनुशासन, शून्य सहनशीलता नीति र दीर्घकालीन पूर्वाधार विकासमा निरन्तरता कायम राखेर विश्वस्तरको अर्थतन्त्र निर्माण गरेको छ । प्रशान्त क्षेत्रको अर्को देशले सरकारका निर्णय, खर्च र नीतिगत प्रक्रियालाई सार्वजनिक बहसका लागि खुला राखी पारदर्शितालाई संस्थागत रूप दिएको छ । पूर्वी एसियाको औद्योगिक राष्ट्रले शिक्षा, प्रविधि र उद्योगबिच समन्वय कायम गरी उत्पादन र निर्यात वृद्धिमार्फत समृद्धि हासिल गरेको छ । यी उदाहरणले देखाउँछन् कि आकार, स्रोत वा भौगोलिक अवस्थाभन्दा पनि स्पष्ट दृष्टि, नीतिगत स्थिरता र कार्यान्वयन क्षमता निर्णायक तत्व हुन् ।

नेपालले यस्ता अभ्यासबाट के सिक्न सक्छ भन्ने प्रश्न महत्वपूर्ण छ । पहिलो, नीति निरन्तरता अनिवार्य छ । सरकार फेरिए पनि राष्ट्रिय प्राथमिकता जस्तैः पूर्वाधार, ऊर्जा, शिक्षा सुधार, कृषि आधुनिकीकरणमा निरन्तरता कायम रहनु पर्छ । दोस्रो, पारदर्शितालाई प्रविधिसँग जोडेर सार्वजनिक खर्च र योजनाको प्रगति नियमित रूपमा सार्वजनिक गर्नु पर्छ । तेस्रो, परिणामको मापन गर्ने स्पष्ट सूचक तय गर्नु पर्छ, जसले नागरिकलाई प्रगति मूल्याङ्कन गर्न सहज बनाओस् । चौथो, स्थानीय तहलाई स्रोत, अधिकार र क्षमता सुदृढ गरी सेवा प्रवाह नजिकबाट प्रभावकारी बनाउनु पर्छ । पाँचौं, युवालाई नीति निर्माण र कार्यान्वयनमा सहभागी गराई उनीहरूको ऊर्जा राष्ट्रनिर्माणमा प्रयोग गर्नु पर्छ । पुराना दलहरू कहाँ चुके भन्ने आत्ममूल्याङ्कन पनि अपरिहार्य छ ।

घोषणापत्रमा उल्लिखित प्रतिबद्धताको समयमै कार्यान्वयन हुन नसक्नु, आन्तरिक कलहका कारण निर्णय प्रक्रियामा ढिलाइ हुनु, सुशासनको सन्देश दिँदै गर्दा व्यवहारमा त्यसका विपरीत गतिविधि देखिनु र जनतासँग नियमित संवाद कायम गर्न नसक्नु प्रमुख कमजोरीका रूपमा देखिएका छन् । जनताले अब केवल ऐतिहासिक योगदानको आधारमा समर्थन दिन चाहँदैनन्, उनीहरू वर्तमान प्रदर्शन र भविष्यको विश्वसनीय योजनाको आधारमा निर्णय गर्न इच्छुक छन् । त्यसैले राजनीतिक दलहरूले आत्मसुधार, पारदर्शिता र कार्यसंस्कृतिमा परिवर्तन ल्याउन ढिला गर्नु हुँदैन । आगामी निर्वाचनमा मतदाताले पनि आफ्नो भूमिका प्रति सचेत हुनु पर्छ । उम्मेदवारको विगतको काम, सार्वजनिक छवि, नीतिगत स्पष्टता र स्थानीय समस्या समाधान गर्ने क्षमता जाँच्न आवश्यक छ ।

केवल भावनात्मक अपिल वा क्षणिक नाराले प्रभावित नभई तथ्य र प्रमाणका आधारमा निर्णय लिनु पर्छ । मतदान अधिकार केवल अधिकार मात्र नभई जिम्मेवारी पनि हो । जब मतदाता सचेत, सूचित र विवेकशील हुन्छन्, तब राजनीतिक दलहरू पनि उत्तरदायी बन्न बाध्य हुन्छन् । लोकतन्त्रको गुणस्तर नागरिकको सहभागिता र सजगतासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । अन्ततः अबको निर्वाचन नेपालका लागि नयाँ युगको ढोका खोल्ने अवसर हुन सक्छ, यसलाई विश्वास पुनर्निर्माणको अभियानका रूपमा लिइयो भने । नेतृत्वले स्पष्ट कार्ययोजना, समय सीमा र पारदर्शी मूल्याङ्कन प्रणालीसहित काम गर्ने प्रतिबद्धता देखाउनु पर्छ । नागरिकले पनि आलोचनासँगै रचनात्मक सहभागिता जनाउँदै सकारात्मक परिवर्तनमा साथ दिनु पर्छ । जब सरकार र जनता दुवैले आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्छन्, तब मात्र लोकतन्त्र सुदृढ र समृद्धिको मार्ग प्रशस्त हुन्छ । अबको निर्वाचनले केवल सत्ता परिवर्तन होइन, कार्यशैली परिवर्तन, संस्कार परिवर्तन र परिणाममुखी शासनको सुरुवात गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ । यही अवसरलाई सदुपयोग गर्न सकिएमा नेपालले राष्ट्रिय आत्मविश्वास पुनर्स्थापित गर्दै अन्तर्राष्ट्रिय समुदायमा सम्मानित स्थान हासिल गर्न सक्ने छ ।

# मतको मसी, वातावरणको कसी !



• डा. ऋषि बस्ताकोटी

जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक उथलपुथलबीच नेपाल अहिले निर्वाचनमा होमिएको छ । यो आन्दोलन पुरानो राजनीतिक संस्कृतिप्रति असन्तोष, पारदर्शिता र जवाफदेहिताको माग, सामाजिक न्याय, समान अवसर र वातावरणीय न्यायजस्ता मुद्दाबाट प्रेरित थियो । यसले परिवर्तनको ढोका खोलेको छ । तर त्यो ढोका कति चौडा खुल्छ भन्ने कुरा युवाको निरन्तर सक्रियता, राजनीतिक नेतृत्वको इच्छाशक्ति, जवाफदेहिता र संस्थागत सुधारमा निर्भर गर्छ ।

निर्वाचन बहसमा बेवास्ता हुने संरचनागत कमजोरीः नेपालको निर्वाचन बहसमा वर्षौंदेखि दोहोरिँदै आएको एउटा संरचनागत कमजोरी छ । हामी विकासको आकांक्षा त राख्छौं, तर त्यो विकासलाई सम्भव बनाउने प्राकृतिक प्रणाली र पर्यावरणीय जोखिमलाई राजनीतिक प्राथमिकतामा राख्दैनौं । राजनीतिक दलहरूले आर्थिक वृद्धि, पूर्वाधार विस्तार, रोजगारी र सेवा प्रवाहका वाचा गर्छन् तर ती लक्ष्यहरूलाई दीर्घकालीन रूपमा सम्भव बनाउने वातावरणीय आधारबारे बहस सतही रहन्छ । वातावरणलाई अझै पनि 'पूरक' वा 'क्षेत्रगत' मुद्दाका रूपमा हेर्ने प्रवृत्तिले नीति-निर्माणलाई कमजोर बनाइरहेको छ । यो कमजोरी केवल वैचारिकमात्र होइन, यो समुदायको दैनिक जीवनमा प्रत्यक्ष देखिन्छ ।

जब विकास योजनाले स्थानीय यथार्थ बेवास्ता गर्छ : नेपालका धेरै समुदाय वातावरणीय जोखिम र विकास-नीतिबीच तालमेलको अभावका प्रत्यक्ष प्रभावित भएका उदाहरण छन् । नवलपरासीका थारू समुदायले सदियौंदेखि वन र जलस्रोतसँग सहअस्तित्वमा आधारित ज्ञान विकास गरेका छन् । तर आधुनिक विकास योजनाले यो ज्ञान बेवास्ता गर्दा उनीहरूको जीवन-आधार कमजोर बन्दै गएको अध्ययनहरूले देखाएका छन् ।

रसुवालगायतका जिल्लाका कतिपय पहाडी बस्ती पटकपटक पहिरोले विस्थापित हुन्छन्, तर स्थानीय पूर्वाधार योजनामा पहिरो जोखिमलाई अझै गम्भीरतापूर्वक समेटिएको छैन । सप्तरी-सिरहाका मुसहर बस्तीहरू प्रत्येक वर्ष बाढीले डुबानमा पर्छन्, तर सुरक्षित बसोबास र जलवायु-अनुकूल पूर्वाधारजस्ता जोखिम न्यूनीकरणका उपाय स्थानीय योजनामा पर्याप्त रूपमा समावेश हुन सकेका छैनन् । यी उदाहरण केवल स्थानीय पीडा होइनन् । यी त वातावरणीय जोखिमलाई विकास, पूर्वाधार र शासनसँग एकीकृत गर्न नसकिएको संरचनागत असफलताका संकेत हुन् ।

उच्च जोखिम, कमजोर संस्थागत तयारी : नेपाल जलवायु परिवर्तनबाट अत्यन्त जोखिममा रहेको देश हो भन्ने तथ्य स्थापित छ । ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स, २०२६ ले नेपाललाई बारम्बार उच्च जोखिम समूहको १० राष्ट्रभित्र राखेको छ । हिमनदी पग्लिनु, बाढी-पहिरोको तीव्रता बढ्नु, वर्षा प्रणालीको अनिश्चितता, कृषि उत्पादकत्वमा गिरावट र सहरी वायु प्रदूषण- यी सबैले विकास रणनीतिलाई चुनौती दिन्छन् । तर निर्वाचनका बेला यी विषय सामान्य वाचा र अस्पष्ट वाक्यांशमा सीमित हुन्छन् । मुख्य समस्या वातावरणीय जोखिमलाई राजनीतिक र आर्थिक निर्णय प्रक्रियामा संस्थागत रूपमा समावेश गर्न नसक्नु हो ।

नेपालमा पर्यावरण नीति छुट्टै दस्तावेज र परियोजनामा सीमित छ- आर्थिक योजना, पूर्वाधार, ऊर्जा नीति र बजेट प्रक्रियासँग यसको एकीकरण भने कमजोर छ । संघीयतापछि स्थानीय तहमा वातावरणीय जिम्मेवारी बढेको छ । तर स्रोत, सचेतना, प्राविधिक क्षमता र वित्तीय पहुँच अझै अपर्याप्त छन् । धेरै स्थानीय तहमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने दक्ष जनशक्ति छैन, जलवायु अनुकूलन योजना बनाउने क्षमता सीमित छ र बजेटमा वातावरणीय मापदण्ड समावेश गर्ने संयन्त्र स्पष्ट छैन । जब पर्यावरणीय जोखिम निर्णय प्रक्रियामा समाहित हुँदैन, चुनावी प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सक्दैन ।

विकास कि वातावरण ? एउटा झुटो द्वन्द्व : नेपाली राजनीतिक भाष्यमा विकास र वातावरणलाई आपसमा विरोधी अवधारणाका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति अझै बलियो छ । तर यो झुटो द्वन्द्व हो । वातावरणीय आधारबिना विकास टिक्दैन र समुदायको अधिकारबिना संरक्षण सफल हुँदैन । नेपालको सामुदायिक वन व्यवस्थापन यसको सशक्त उदाहरण हो- करिब २२ हजार सामुदायिक वन उपभोक्ता समूहमा २९ लाखभन्दा बढी घरधुरी संलग्न छन् र यी वनहरूको अवस्था सरकारी वनभन्दा राम्रो रहेको देखिन्छ । यसको आधार स्थानीय समुदायको निर्णय अधिकार र प्रत्यक्ष लाभ हो ।

तर आरईडीडी प्लस माइनसजस्ता कार्बन व्यापार योजनाले यो सन्तुलनलाई चुनौती दिइरहेका छन् । राष्ट्रिय तहमा कार्बन व्यापारको बहस चलिरहँदा स्थानीय समुदाय आफ्नो परम्परागत अधिकार सुरक्षित रहन्छ कि रहँदैन भन्ने चिन्तामा छन् । यो केवल वातावरणीय मुद्दा होइन, यो अर्थ-राजनीतिक प्रश्न पनि हो । निर्वाचन बहसमा यसको स्पष्ट छलफल आवश्यक छ ।

विश्वका उदाहरणले के भन्छन् ? : अन्तर ष्ट्रिय अनुभवले देखाउँछ, वातावरणीय आयामलाई विकास रणनीतिबाट अलग राख्ने राज्यहरूले दीर्घकालीन आर्थिक स्थायित्व हासिल गर्न सकेका छैनन् । युरोपियन युनियनको ग्रिन डिलले वातावरणलाई आर्थिक नीतिको केन्द्रमा राख्दै हरित ऊर्जा, स्वच्छ पूर्वाधार र कार्बन उत्सर्जन कटौती दीर्घकालीन समृद्धिको आधार हुन सक्छन् भन्ने देखाएको छ । त्यस्तै, न्युजिल्यान्डको वेल बिइङ बजेटले बजेटको प्राथमिकता केवल जीडीपी होइन, वातावरणीय स्वास्थ्य, पानीको अवस्था, समता र समुदायको समग्र कल्याणमा आधारित हुनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ । यी मोडेलहरूले वातावरणलाई शासनको मूल संरचनामा गाभेपछि मात्र विकास विश्वसनीय र समावेशी बन्न सक्छ भन्ने सन्देश दिन्छन् ।

वातावरणलाई नीति-फिल्टर बनाउने समय : आगामी निर्वाचनमा मुख्य प्रश्न 'के गर्ने ?' भन्दा पनि 'वातावरणलाई शासन प्रणालीमा कसरी समाहित गर्ने ?' भन्ने हुनुपर्छ । वातावरणलाई छुट्टै मन्त्रालयको विषयमा सीमित राख्ने होइन–हरेक विकास निर्णय, बजेट प्राथमिकता र पूर्वाधार योजनामा वातावरणीय प्रभाव र सामुदायिक अधिकारलाई अनिवार्य नीति-फिल्टर बनाउनु आवश्यक छ ।

ऊर्जा र अर्थतन्त्र : नेपालले वार्षिक दुई अर्ब अमेरिकी डलरभन्दा बढी पेट्रोलियम पदार्थ आयात गर्छ । यो रकम घरेलु नवीकरणीय ऊर्जामा लगानी गरिए रोजगारी, व्यापार सन्तुलन र वातावरण तीनै क्षेत्रमा लाभ पुग्न सक्छ । सौर्य ऊर्जा, जलविद्युत्, दिगो पर्यटन र प्रकृतिमा आधारित समाधान केवल वातावरणीय रणनीति होइनन्, यी आर्थिक स्वाधीनताको आधार पनि हुन् ।

पूर्वाधार र जोखिम व्यवस्थापन :

नेपालमा परियोजना डिजाइन प्राय : राजनीतिक समयरेखा अनुसार हुन्छ, जलवायु जोखिमअनुसार होइन । मेलम्ची परियोजनामा जलवायु जोखिम र भूकम्पीय संवेदनशीलताको पर्याप्त मूल्यांकन भएको भए २०२१ को बाढीले पुर्‍याएको क्षति कम हुन सक्थ्यो । नेपालमा आर्थिक वर्षको अन्त्यतिर हतारहतार बजेट सक्ने गरी हुने 'असारे विकास' पर्यावरणीय विनासको कारण बन्ने गरेको छ । मनसुन अवधिमा संवेदनशील क्षेत्रमा निर्माण गतिविधिमा नियमन वा अस्थायी प्रतिबन्धको नीति अवलम्बन गर्न सके समस्या धेरै हदसम्म न्यूनीकरण हुन सक्छ । यी केवल प्राविधिक होइनन्, नीतिगत असफलता पनि हुन् ।

सार्वजनिक स्वास्थ्य : वायु प्रदूषण र दूषित पानी अब केवल वातावरणीय मुद्दा होइनन्, यी स्वास्थ्य प्रणालीमाथिको संरचनागत दबाब पनि हुन् । काठमाडौं उपत्यकाको वायु प्रदूषणले हजारौं मानिसलाई श्वासप्रश्वास र मुटुरोगतर्फ धकेल्छ, श्रम उत्पादकत्व घटाउँछ र स्वास्थ्य खर्च बढाउँछ । यातायात, उद्योग र सहरी योजनालाई स्वास्थ्यको दृष्टिकोणबाट हेर्ने संयन्त्र आवश्यक छ ।

घोषणापत्र र जवाफदेहिता, वाचाभन्दा संरचना चाहिन्छ : निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूले प्रकाशित गर्ने घोषणापत्र देशको नीतिगत दिशा बुझ्ने एउटा महत्वपूर्ण दस्तावेज हो । तर विगतका घोषणापत्र हेर्दा एउटा साझा कमजोरी स्पष्ट देखिन्छ, वातावरणीय मुद्दा उल्लेख त हुन्छन् तर तिनलाई शासन संरचना, वित्तीय प्राथमिकता र कार्यान्वयन संयन्त्रसँग जोडेर प्रस्तुत गरिँदैन । अधिकांश दलहरूले 'हरित विकास', 'जलवायु अनुकूलन', 'सफा ऊर्जा', 'दिगो पूर्वाधार' जस्ता आकर्षक शब्द प्रयोग गर्छन्, तर ती शब्दहरू प्राय : नाराजस्तै सुनिन्छन् ।

घोषणापत्रमा उल्लेखित वातावरणीय प्रतिबद्धताहरूमा न त स्पष्ट लक्ष्य हुन्छ, न त समयसीमा, न त बजेट स्रोतको विवरण । यसले वातावरणीय मुद्दालाई गम्भीर नीति र एजेन्डा होइन, चुनावी सजावटको रूपमा प्रस्तुत गरिदिन्छ । घोषणापत्रमा वातावरणीय मुद्दा प्राय : अन्त्यतिर छुट्टै अध्यायमा राखिन्छ । यसले वातावरणलाई विकासको केन्द्र होइन, साइड नोट बनाइदिन्छ । तर वातावरणीय जोखिम आर्थिक वृद्धि, पूर्वाधार, कृषि, ऊर्जा र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुँदा, यो विषयलाई मुख्यधारको नीति-ढाँचामा राखिनु आवश्यक छ । विगतका सरकारहरूको अनुभवले पनि प्रतिबद्धता र कार्यान्वयनबीचको दूरी स्पष्ट देखाउँछ । ईआईए प्रक्रिया राजनीतिक दबाबमा कमजोर पारिन्छ, सहरी वायु प्रदूषण नियन्त्रणका वाचा कागजमै सीमित रहन्छन् ।

सामुदायिक वन अधिकार संरक्षणमा निरन्तरता हुँदैन र जलवायु वित्त स्थानीय

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा–५ वाचा पत्र

**वालेन्द्र शाह**
**झापा–५,**
**प्रतिनिधि सभा सदस्यको उम्मेदवार**

नेपालको संविधान २०७२ को परिपालना गर्दै संविधानले निर्दिष्ट गरेका दायित्वहरू निष्ठापूर्वक सम्पन्न गर्ने तथा हाल कार्यान्वयनमा रहेका कार्यहरुलाई कानुनी रूपमा सहज, स्पष्ट साथै नागरिक मैत्री बनाउन आवश्यक कानुन निर्माण, संशोधन तथा परिमार्जनका लागि संघीय संसदमा सक्रिय तथा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछु । साथै,

**म संघीय सांसदको हैसियतले:**

- बेथिति र भ्रष्टाचारविरुद्ध संसदको अग्रपंक्तिमा उभिनेछु ।
- राष्ट्रिय नीति तथा बजेटमा झापा ५ का विकासका मुद्दाहरू सशक्त रुपमा उठाउनेछु ।
- सम्बन्धित मन्त्रालयसँग समन्वय गरी संघ, प्रदेश र स्थानीय तहका विकास योजनाको प्रभावकारी अनुगमन गर्नेछु ।
- स्थानीय जनताको समस्या तथा आवाज संसदमा निरन्तर रुपमा प्रस्तुत गर्नेछु ।
- नेपाल सरकार र जेन-जी बीच भएका सम्झौताहरूको पूर्ण, पारदर्शी र समयमै कार्यान्वयन सुनिश्चित गर्छु ।
- स्थानीय तथा प्रदेश सरकारका योजनाहरू संधीय तहबाट छिटो, सहज र परिणाममुखी रुपमा कार्यान्वयन हुने वातावरण सिर्जना गर्नेछु ।

मेरो प्रतिबद्धता

- "राष्ट्रिय स्वतन्त्र पार्टीको वाचा पत्र २०८२ थिति बसाल्ने सङ्कल्प" कार्यान्वयनको नेतृत्व गर्नेछु ।
- नेपालको संविधानले सुनिश्चित गरेका गाँस, आवास, स्वास्थ्य, शिक्षा, खानेपानी, रोजगारी, सामाजिक सुरक्षा र स्वच्छ वातावरण जस्ता आधारभूत आवश्यकता सबै नागरिकसम्म व्यवहारिक रूपमा पुऱ्याउन आवश्यक कानुन,बजेट र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेछु ।
- राष्ट्रहित विपरीत कुनै पनि सम्झौता गर्ने छैन ।
- सार्वजनिक सेवालाई चुस्त दुरुस्त बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नेछु ।
- विकाससँगै प्रकृति संरक्षणमा विशेष ध्यान दिनेछु ।
- झापा क्षेत्र नं. ५ मा व्यवस्थित संसद सचिवालय स्थापना गरी स्थानीय सरोकारलाई सम्बोधन गर्नेछु ।

राजनीतिलाई पेशा होइन, सेवा बनाउनेछु ।

- मतमा अभिव्यक्त नागरिकको विश्वासलाई काममा रुपान्तरण गर्नेछु ।
- मेरो राजनीति सेवा, इमानदारीता र परिणाममा आधारित हुनेछ ।

स्थानीय तथा प्रदेश सरकारलाई संवैधानिक अधिकारको प्रत्यायोजन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार गठन भएमा स्थानीय, प्रदेश र संघीय सरकारको समन्वय तथा सहकार्यमा निम्न कार्यहरु पाँच वर्षभित्र सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

**शिक्षा**

- गरिब तथा विपन्न परिवारका बालबालिकाले पनि गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकार व्यवहारमै सुनिश्चित गरिनेछ ।

काठमाडौं महानगरमा लागू भए जस्तै "शिक्षामा सीप कार्यक्रम" कार्यान्वयन गरी विद्यार्थीहरुको विदेश जान पर्ने बाध्यतालाई न्यूनिकरण गरिनेछ ।

गौरीगञ्जस्थित ऐतिहासिक त्रिभुवन पुस्तकालय पुनर्निर्माण गरी डिजिटल अध्ययन अनुसन्धान केन्द्रका रूपमा सञ्चालन गरिनेछ ।

- "कोशी आयुर्वेद प्रतिष्ठान" स्थापना गरि प्रादेशिक आयुर्वेद अस्पताल, कमल (लखनपुर) लाई सो मातहत संचालन गरिनेछ ।
- दमक बहुप्राविधिक शिक्षालयको भवन निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याइनेछ ।

सामुदायिक विद्यालयमा स्मार्ट कक्षा, प्रयोगशाला र पुस्तकालय स्थापना तथा उच्च शिक्षाको स्तरोन्नति गरिनेछ ।

" स्कुल रिटेन्सन प्रोग्राम" मार्फत विद्यालय छाड्ने दर शुन्यमा झारिनेछ ।

फरक क्षमता भएका बालबालिकाका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक नीतिगत सुधार गरिनेछ ।

विद्यालयको पाठ्यक्रममा स्थानीय भाषा र लिपीलाइ प्रारम्भिक शिक्षादेखि नै समावेश गर्न पहल गरिनेछ ।

दमक १० स्थित साइन्स पार्कलाई थप व्यवस्थित गरी संचालनमा ल्याइनेछ ।

**पूर्वाधार**

विभिन्न कारणले अधुरा रहेका योजनाहरुलाई डेडलाइनसहित समयमै सम्पन्न गर्ने सुनिश्चितता गरिनेछ ।

दमक-रवि-चिसापानी सडक यथाशीघ्र सम्पन्न गरि संचालनमा ल्याइनेछ ।

"हम्रो रंगशाला,हाम्रै पहिचान" को भावना अनुरूप आदिवासी जनजातिको संस्कृति र इतिहास झल्किने आदिवासी जनजाति रंगशाला निर्माण गरिनेछ ।-विराट बुद्ध पार्कको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

दमक सभागृह र भ्यूटावर लगायतका योजनाहरु उच्चतम नागरिक उपयोगिता हुने गरि सञ्चालनमा ल्याइनेछ ।

- रतुवा खोला, मावा खोला, तथा सहायक खोला, खहरेको तठबन्ध निर्माण गरी कटान र हुबान नियन्त्रण गरिनेछ ।
- ग्रामीण सडक, लिङ्क रोड र पुल स्तरोन्नति गरी यातायात समय र ढुवानी लागत घटाउँदै समय कनेक्टिभिटी सुदृढ गरिनेछ ।
- ग्रामीण तथा सिमावर्ती क्षेत्रमा भरपर्दो एवं नियमित मोबाइल नेटवर्क तथा इन्टरनेट सेवा विस्तार गरिनेछ ।
- दमकलाई पूर्वी नेपालको "आइ. टी. हव" को रूपमा विकास गर्न आवश्यक पूर्वाधार र



नीतिगत व्यवस्था सुनिश्चित गरिनेछ ।

**कृषि तथा रोजगारी**

- कन्काई-रतुवा सिंचाइ योजना विस्तार तथा लिफ्ट सिंचाइ प्रविधि प्रयोग गरी कृषियोग्य जमिनको उपयोगिता बढाइनेछ।

प्रत्येक पालिकामा श्रम बैंक अवधारणा लागू गरिनेछ।

कोल्ड स्टोर तथा ड्रायर एकै स्थानमा रहने गरि "गौरादह कृषि भण्डारण केन्द्र" को स्थापना गरिनेछ ।

- किसानलाई उत्पादनमा आधारित मल, बीउ र विद्युतमा अनुदान प्रणाली लागू गरिनेछ।
- गौरादह कृषि क्याम्पसलाई कृषि अनुसन्धान हवका रुपमा विकास गरिनेछ।

कृषि उत्पादनको समर्थन मूल्य ग्यारेन्टी प्रणाली लागू गरिनेछ। विश्वसनीय बीमा प्रणाली, पर्याप्त सिंचाई तथा प्रविधिमा आधारित उत्पादन प्रणाली मार्फत युवाहरुलाई कृषि पेशामा आकर्षित गरिनेछ ।

स्थानीय उत्पादनको पहिचान, गुणस्तर र बजारीकरण सुदृढ गर्न ब्रान्डिङ तथा बजार विस्तारका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- सरकारी भेटनरी सेवा तथा पशु बीमा कार्यक्रमलाई थप व्यवस्थित गरी व्यवसायिक पशुपालनको प्रबर्द्धन गरिनेछ ।

**महिला तथा बालबालिका**

- आमाको नामबाट नागरिकता लिंदा हुने झन्झटिलो प्रक्रियालाई सरलिकृत गरिनेछ ।
- कृषिमा महिलालाई प्रोत्साहन गर्न "महिला कृषि कर्जा कार्यक्रम" मार्फत सहुलियत दरमा वित्तीय पहुँच सुनिश्चित गरिनेछ ।
- सीपमूलक तालिममार्फत अपाङ्गता भएका व्यक्ति र एकल महिला लक्षित रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल पोषण, नियमित खोप तथा छात्रा स्वास्थ्य सहयोग कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- महिलाका लागि २७ सै घण्टा सुरक्षित शहर निर्माण गर्न सुरक्षा पूर्वाधार सुदृढ गरिनेछ ।

विभिन्न प्रकारका हिंसामा परेका महिला तथा बालबालिकाको विशेष संरक्षणका लागि स्थापित "सेफ हाउस" को स्तरोन्नति गरिनेछ ।

**पर्यटन तथा उद्योग**

- गौरीगञ्ज भन्सारलाई व्यवस्थित र पारदर्शी ढंगले संचालन गरिने प्रबन्ध मिलाइनेछ ।
- सीमावर्ती पर्यटन विकास योजना कार्यान्वयन गरिनेछ ।
- हाटबजारको मौलिकता बचाउँदै समय सापेक्ष रुपमा व्यवस्थित गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- धार्मिक स्थलहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
- स्थानीय आदिवासी जनजाति संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- दमकलाई पर्यटक ट्रान्जिट हवको रुपमा विकास गरिनेछ ।

**खेलकुद**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी र प्रशिक्षक उत्पादन गर्ने उद्देश्यसहित बहुआयामिक खेलकुद एकेडेमी निर्माण गरिनेछ ।

**स्वास्थ्य**

गरिब तथा विपन्न परिवारले स्वास्थ्य उपचार पाउनु पर्ने अधिकार व्यवहारमै सुनिश्चित गरिनेछ ।

अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैय्याको दश प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था सशक्त रुपमा कार्यन्वयन गरिनेछ ।

दमक अस्पताललाई पहिलो चरणमा ३०० शैय्याको अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ ।

ग्रामीण तथा सीमावर्ती क्षेत्रमा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र विस्तार गरिनेछ ।

"प्रत्येक घरमा शुद्ध पानी, परिवारमा स्वस्थ कहानी" कार्यक्रम मार्फत स्वच्छ खानेपानीको सुनिश्चितता गरिनेछ

फरक क्षमता भएका र ज्येष्ठ नागरिक लक्षित "घर घर स्वास्थ्य सेवा कार्यक्रम" मार्फत् निःशुल्क स्वास्थ्य सेवा सञ्चालनको नितिगत व्यवस्था गरिनेछ ।

८२४ सै घण्टा निःशुल्क एम्बुलेन्स सेवाको सुनिश्चितताका लागि नितिगत सुधार गरिनेछ ।

अपाङ्गता पुनर्स्थापना केन्द्रको निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

**भूमि व्यवस्थापन**

- झापा-५ का भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्यालाई न्यायोचित र दिगो समाधान गर्न रा. स्व. पा. सरकार गठन भएको १०० दिनमा आयोग, १००० दिनमा समाधान नीति अवलम्बन गरी अधिकार सम्पन्न आयोग मार्फत समयसीमाभित्र कार्य-सम्पन्न गरिनेछ ।
- बाँझो जमिनको सदुपयोग सुनिश्चित गर्दै जग्गा चक्लाबन्दी तथा एकीकरण प्रवर्द्धनका लागि ल्याण्ड बैंकको व्यवस्था गरिनेछ ।

ऐलानी जग्गा सम्बन्धी उचित व्यवस्था एव नक्सांकन अभिलेख नभएका जमिनहरूको नापी नक्सा अभिलेखिकरण गर्ने कार्य सम्पन्न गरिनेछ ।

वातावरण

- चुरे संरक्षण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- वैज्ञानिक फोहोर व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

वन, ताल तथा सिमसार क्षेत्र संरक्षण गरिनेछ ।

- सफा हावा, हरियाली र स्वस्थ वातावरणयुक्त शहर निर्माणका लागि आवश्यक नीतिगत सुधार गरिनेछ ।
- विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण विपद् प्रतिकार्य, राहत तथा पुनलभि कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुशासन**

- जनताको आवश्यकतामा आधारित नीति, कार्यक्रम र बजेट तर्जुमा प्रणाली लागू गरिनेछ ।
- अनलाइन गुनासो दर्ता प्रणाली लागू गरिनेछ ।

सार्वजनिक कार्यहरूको प्रगति देखिने डिजिटल ड्यासबोर्ड सञ्चालन गरिनेछ ।

- भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।

विभिन्न आन्दोलनका सहिद तथा घाइते परिवारलाई सम्मानजनक जीवनयापनका लागि रोजगारीको व्यवस्था मिलाइनेछ ।

चिया बगान मजदूरसहित सबै श्रमिकको न्यूनतम अधिकार सुनिश्चित गर्ने श्रम ऐन समयानुकूल परिमार्जन गरी सशक्त रुपना कार्यान्वयन गरिनेछ ।

**कला एवं संस्कृति**

राष्ट्रिय भाक्का दिवसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ गरिनेछ ।

आदिवासी जनजाति लगायत सम्पूर्ण जातजातिको भाषा, कला, धर्म, संस्कृति पूर्व भेषभूषाको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

आदिवासी, जनजाति संग्रहालयलाई थप व्यवस्थित तथा सुदृढ गरि संचालनमा ल्याइनेछ ।

सेउपाखा बहु-सांस्कृतिक भवनको निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

-- खुल्ला खेल मैदानहरुलाई संरक्षण तथा आवश्यकता अनुसार स्तरोन्नति गरिनेछ ।

दमक गोल्डकपलाई व्यवसायिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गरी झापा-५ को अर्थतन्त्र, पर्यटन र खेलकुद क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याइनेछ ।

जनअपेक्षा अनुरुपको काम गर्न आएको हुँ, काम गर्न दिनुहोला ।

# उद्योग वाणिज्य महासंघमा ढकालको नेतृत्वमा उमेदवारी घोषणा

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा हेमराज ढकालले उमेदवारी घोषणा गरेका छन् ।

सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा ढकालले उमेदवारी घोषणा गरेका हुन् ।




ढकालको नेतृत्वमा उमेदवारी घोषणा भएको हो ।

प्रस्तावित वरिष्ठ उपाध्यक्षमा हेमराज ढकाल, एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ, जिल्ला नगर उपाध्यक्षमा उमेश डालमिया, जिल्ला नगर उपाध्यक्षमा कल्पना गैरे, वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ, प्रस्तावित महिला उपाध्यक्षमा कमला श्रेष्ठले उमेदवारी घोषणा गरेका हुन् ।

## मतको ...

तहसम्म पुग्दैन । यसले एउटा गम्भीर प्रश्न उठाउँछ, घोषणापत्रमा गरिएको वातावरणीय वाचा व्यवहारमा किन अनुवाद हुँदैन ? वातावरणीय जवाफदेहिता सुनिश्चित गर्न दलहरूले अब घोषणापत्रमा मापनयोग्य लक्ष्य, स्पष्ट बजेट स्रोत र अनुगमन संयन्त्र समावेश गर्न आवश्यक छ । संसद्मा वार्षिक जलवायु प्रगति प्रतिवेदन अनिवार्य गर्ने, स्थानीय तहलाई कानुनी रूपमा सुनिश्चित वातावरणीय अधिकार र बजेट दिने र ईआईए उल्लंघनमा राजनीतिक हस्तक्षेप रोक्ने जस्ता संरचनागत सुधार घोषणापत्रमै समावेश हुनुपर्छ ।

मतदाताले पनि घोषणापत्र हेर्दा केवल नारा होइन, संरचनागत प्रश्न सोध्नुपर्छ, के लक्ष्य मापनयोग्य छन् ? के बजेट स्रोत उल्लेख छ ? के स्थानीय तहको भूमिका स्पष्ट छ ? के सामुदायिक अधिकार सुरक्षित छ ? के अनुगमन संयन्त्र छ ? यी प्रश्नहरूले दलहरूलाई वातावरणीय मुद्दामा गम्भीर, दीर्घकालीन र संस्थागत प्रतिबद्धता गर्न बाध्य पार्छन् ।

निष्कर्ष- वातावरण र राज्यको विश्वसनीयता : वातावरणीय एजेन्डालाई परिधिमा राख्नु भनेको राज्यले दीर्घकालीन जोखिम व्यवस्थापन गर्न नसक्ने स्वीकार गर्नु हो । आगामी निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धा होइन; यो राज्यको नीति-क्षमताको परीक्षा पनि हो । यदि वातावरणीय मुद्दा अझै परिधिमा रह्यो भने विकासको बहस विश्वसनीय हुँदैन । खुम्बुका गाउँलेहरूले हिमनदी पग्लिएको देखिरहेका छन्, रसुवा र अन्य पहाडी भागका बस्ती विस्थापित भइरहेका छन् । नवलपरासीका थारूहरूले वन र जलस्रोत घट्दै गएको अनुभव गरिर हेछन् । यी यथार्थलाई सम्बोधन नगर्ने विकासको कुनै पनि योजना अन्ततः खोक्रो हुन्छ ।

नेपालले अब वातावरणलाई वैकल्पिक एजेन्डा होइन, राज्यको विश्वसनीयता र दीर्घकालीन स्थायित्वको आधारका रूपमा हेर्नुपर्ने समय आएको छ । अपूबाट

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ